# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अर्घाखाँ, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


च नं. ८६

प.सं. २०८३/०८४

मिति: २०८३/०४/२२

ने.सः ११४६

## पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण सम्बन्धी सुचना

प्रस्तुत विषयमा मालिका गाउँपालिका पशु सेवा शाखाको आ.व २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण"** कार्यक्रमको लागि २०८३/०४/०१ गते देखि सुत्केरी भएका भैंसीहरुको सुत्केरी भत्ता प्राप्त गर्न इच्छुक पशुपालक कृषकले तपशिल बमोजिमका मापदण्ड र कागजात सहित सम्बन्धित वडा कार्यालय वा मालिका गाउँपालिका पशु सेवा शाखामा पेश गर्नुहुन अनुरोध छ।

तपशिल:

१. कृषकको घरमै जन्मेको भैंसीको पाडी पहिलो बेत घरमै ब्याएको हुनुपर्नेछ।

२. अनुसुची-१ बमोजिमको निवेदन।

३. सम्बन्धित वडाको सिफारिस।

४. घरको लालपुर्जाको प्रतिलिपी।

५. कृषकको नागरिताको प्रतिलिपी।

६. सुत्केरी भैंसी संगै सम्बन्धित किसानको प्रस्ट देखिने प्रिन्ट फोटो (१ प्रति)।

७. पशुधनीको बैंक खाताको चेकको फोटो।

८. अनुसूची- ३ बमोजिम कम्तिमा तीन जना साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का।( तीन जनाले सही गर्नुपर्ने)

नोटः सुत्केरी भैंसी भत्ता रकम पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यविधि-२०८० अनुसार हुनेछ ।

विवेक खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-३

## साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का

लिखितम् हामी तपशिलका मानिसहरु आगे गुल्मी जिल्ला मालिका गाउँपालिका वडा न.......बस्ने ............................ले मालिका गाउँपालिकाले सञ्चालन गरेको "पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता" कार्यक्रम अन्तर्गत भैसीलाई सुत्केरी भत्ता पाउँ भनी ........... न.वडा कार्यालयमा निवेदन दिनु भएको र सो निवेदनको सम्बन्धमा हामीले निवेदकको निवेदनको व्यहोरा पढी वा सुनी यसमा निज निवेदकको निवेदन माग बमोजिम निजको भैंसी निजको घरमै जन्मिएको र पहिलो पटक सुत्केरी निजको घरमै भएकोमा निज निवेदकलाई सुत्केरी भैंसी भत्ताको लागि सिफारिस गर्न मानसिव देखिन्छ। सत्य, तथ्य, यथार्थ व्यहोरा पछि सम्म पनि फरक नपर्ने गरी लेखि लेखाई दिनु होस्भनी सोधनी हुँदा हाम्रो चित्त बुझ्यो । यसमा माथि उल्लेख भए बमोजिमको गुल्मी जिल्ला मालिका गाउँपालिका वडा न........ बस्ने निज निवेदकको भैंसी निजको घरमै जन्मिएको र पहिलो पटक सुत्केरी निजको घरमै भएको साथै निजले हाल सम्म नेपाल सरकार वा मालिका गाउँपालिकाबाट कुनैपनि अनुदान प्राप्त नगरेकोमा निजलाई सुत्केरी भैंसी भत्ताको लागि सिफारिस गरिदिए हुन्छ, फरक पर्दैन भनी हामीहरुको मनोमानी राजीखुशीले यो सर्जमिन मुचुल्काको कागज लेखि लेखाई सहिछाप गरि डोर कर्मचारी हस्ते वडा नं. ... को वडा कार्यालयमा चढायौं ।

यसमा लेखिएको सम्पुर्ण व्यहोरा ठिक छ, फरक छैन, फरक वा झुठ्ठा ठहरे प्रचलित कानुन्बमोजिम सहुँला बुझाउँला भनी सहि गर्ने-

**हस्ताक्षर**

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको.................................१.........

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको.................................१.........

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको.................................१.........

**रोहवरमा:**

१) यो सर्जमिन मुचुल्का मेरो रोहवरमा भएको हो भनी सहि गर्ने सम्बन्धित निवेदक श्री.................................................. १

**काम तामेल गर्ने:** श्री..........................................................पद:........................

मालिका गाउँपालिका वडा नं. ......को वडा कार्यालय...............,गुल्मी ।

**ईति सम्वत्.........साल ........ महिना ......... गते .......... रोज शुभम्..............**

## अनुसूची-१

## निवेदन

मितिः.....................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मालिका गाउँपालिकाको कार्यालय,
अर्खवाङ्ग,गुल्मी।

विषयः सुत्केरी भत्ता पाउँ।

उपरोक्त सम्बन्धमा मालिका गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्विकृत कार्यक्रम अनुसार पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यक्रम रहेकाले मेरो भैंसी मेरो आफ्नै घरमा जन्म भई पहिलो वेत मेरो आफ्नै घरमा मितिः..............साल.................महिना.........गते सुत्केरी भएकाले भैंसी सुत्केरी भत्ताको लागि यसै निवेदनका साथ तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

**तपशिलः**

| क्र.स. | कागजातको विवरण | भएको | नभएको |
|---|---|---|---|
| १ | वडा कार्यालयको सिफरिस पत्र | | |
| २ | घरको लालपुर्जाको प्रतिलिपि | | |
| ३ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि | | |
| ४ | कृषक सहित सुत्केरी भैंसीको फोटो | | |
| ५ | साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का | | |

**निवेदक**

कृषकको नामः...........................................

कृषकको ठेगानाः.......................................

सम्पर्क न.................................................

हस्ताक्षरः...................................................